राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानर्बर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– २४, माघ ७ गते शुक्रबार, २०७८ (21 January, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# 'तत्काल लकडाउन गरिँदैन' : स्वास्थ्य मन्त्रालय

## थपिँदै संक्रमित, राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिनासहित थुप्रै होम आइसोलेसनमा

■ जनजिब्रो संवाददाता




**काठमाडौं ।** पछिल्लो पकट पीसीआर परीक्षणका क्रममा कोरोना संक्रमण पुष्टि भएका राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र विभिन्न अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी होम आइसोलेसनमा स्वास्थ्यलाभ गरिरहेका छन् । अध्यक्ष तिमिल्सिनाका प्रेस सल्लाहकार अशोक पौडेलका अनुसार उनमा रूघाखोकीसहितका समस्या आएपछि स्वास्थ्य मापदण्ड अपनाएर बालुवाटारस्थित सर कारी निवासमै आइसोलेशनमा बस्ने भएका हुन् ।

यसअघि समेत कोरानो संक्रमण भए पनि १४औं महाधिवेशनबाट महामन्त्रीमा निर्वाचित भएपछि सार्वजनिक कार्यक्रमहरु निक्कै व्यस्त बन्नेे गरेका शर्मालाई फेरि संक्रमण पुष्टि भएपछि चिकित्सकको परामर्शअनुसार आइसोलेसनमा बसेको बताइन्छ। यस्तै चितवन जिल्लास्थित विभिन्न अस्पालमा कार्यरत ११७ जना चिकित्सक एवं स्वास्थ्यकर्मीमा कोरोना संक्रमण पुष्टि भएको छ। पछिल्लो पटक संक्रमण बढ्दै गएपछि केही दिनैमा चिकित्सक, स्वास्थ्यकर्मी र अस्पतालका कर्मचारी संक्रमित हुँदै आएका छन्। संघीय अस्पतालको रूपमा रहेको भरतपुर अस्पतालमा कार्यरत ३७ जना चिकित्सक, स्वास्थ्यकर्मी र प्रशासनिक कर्मचारीमा कोरोना पुष्टि भएको हो। परीक्षण गरिएका ३७ जनामा कोरोना फेला परेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलले जानकारी दिए। चिकित्सक स्वास्थ्यकर्मीमा कोरोना देखिएसँगै अस्पतालमा संक्रमितको संख्या बढ्दै जाँदा सेवा प्रवाहमा कठिनाई उत्पन्न भएको छ।

अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीमा सङक्रमण बढ्दै जाँदा सेवा प्रवाहमा कठिनाई आएको पौडेलले बताए। 'अत्यावश्यक नपरी अस्पताल नआउनुहोला। कर्मचारी कम हुँदा सेवामा दुरुस्तता नआउन सक्छ' उनले भने।

क्रमशः अन्तिम पृष्ठमा

# समाजवादका लागि कम्युनिस्ट सम्मेलन गरिने



**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) र नवगठित नेकपा समाजवादीले एक पत्रकार सम्मेलनमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने मुख्य उद्देश्यका साथ कम्युनिस्ट सम्मेलन आयोजना गर्ने बताएको छ।

माओवादी केन्द्र र समाजवादी पार्टीले राजधानीमा पत्रकार सम्मेलन गरी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई नयाँ राजनीतिक परिवेशमा कम्युनिस्ट आन्दोलनमा समाहित गर्न सम्पूर्ण कम्युनिस्ट पार्टी, शक्ति र व्यक्ति व्यक्तित्वको संयुक्त आयोजनामा कम्युनिस्ट सम्मेलनको आयोजना गरिने जानकारी दिएको हो।

यसैबीच कम्युनिस्ट सम्मेलन आयोजनाका लागि आयोजक समिति गठन गरिने र सोही आयोजक समितिको संयोजक र संख्या निकट भविष्यमै सम्पूर्ण कम्युनिस्ट पार्टी बीचमा आपसी समझदारी गरेर घोषणा गरिने समेत जानकारी दिएको छ। यसका साथै सम्मेलन सफलताका लागि विभिन्न विभाग गठन गरिने

क्रमशः अन्तिम पृष्ठमा

# युवा र बालबालिकामा मिडियाको प्रभाव



**समय-सन्देश**

**सिर्जना गौतम**

मोबाइल फोन र इन्टरनेटको आविस्कारले मानिसको जीवनमा केवल केहि दशकमा नै निकै फेरबदल ल्याएको छ। विदेशमा रहेका आफन्तको वर्षमा एक पटक मात्रै पनि सन्चो-बिसन्चो थाहा पाउन पनि निकै कठिनाई हुन्थ्यो तर अहिले सात समुद्रपारी विदेशमा रहेर अर्थात नौडाँडापारी नौखोलापारी रहेर पनि हरपल साथै भएको अनुभव गर्न सकिने अवस्था छ। अर्थात निकै काम गर्न सकिने भएको छ र ज्ञान आर्जन गर्न पनि निकै सहज भएको छ। किताब किनेविना र कहिँ गए बगेर विश्वको कुनै कुनामा रहेको ज्ञान हासिल गर्न सम्भव भएको छ।

तर ठूलो शक्तिसँगै ठूलो जिम्मेवारी पनि आउँछ भने झैं इन्टरनेट र मिडियाको शक्तिलाई सधै आफ्नो पक्षमा राख्न र आफ्नो पतनको कारण बन्न नदिन त्यति सजिलो भने छैन। कुनै वयस्कलाई नै आफ्नो जिन्दगी र मिडियाको प्रयोग सन्तुलनमा राख्न यति कठिन छ भने परिपक्व नभएका र सजिलै प्रभाव पार्न सकिने बालबालिका र किशोरकिशोरीहरूमा अनियन्त्रित मिडियाको प्रयोगको कस्तो प्रभाव होला ?

**व्यवहार र व्यक्तित्व विकासमा पर्ने असरहरू**

मिडियामा देखाइएको हिंसा मनोरञ्जनका लागि मात्र भनिए पनि यसको प्रभाव मानिसमा परिरहेकै हुन्छ। प्रेरणाको स्रोतहरू जस्तै बुबा-आमा, आफ्नो मनपर्ने व्यक्ति वा कुनै वयस्कले गरेको चिजलाई हेरेर वा उस्तै व्यवहारको अनुकरण गर्ने कोषिशमा बालबालिकाहरूले नयाँ व्यवहार सिक्ने गर्छन् र यसलाई सोसल लर्निङ भनिन्छ। अहिलेको अवस्थामा बालबालिका र किशोरकिशोरीहरू भौत्तिक दुनियाँमाभन्दा अनलाइन दुनियाँमा धेरै समय

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- २४, माघ ७ गते शुक्रबार, २०७८

## सम्पादकीय

# महामारीको अर्को लहर : आफैं जोगिऔं, सबैलाई जोगाऔं

विश्वलाई नै आक्रान्त तुल्याइरहेको कोरोनाभाइरस महामारीको अर्को नयाँ लहरले सर्वत्र आतंक मच्चाइरहेको छ। कोरोनाभाइरसको पहिलो लहर फैलँदा लकडाउन, निषेधाज्ञालगायतका अनेकौं विधि अपनाएर निकै उच्च सतर्कता अपनाइयो। राज्यले पनि यसलाई निकै ठूलो रूपमा लियो र सोहीअनुरूप सुरक्षा व्यवस्थापन एवम् स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउने परिवेश बनायो।

तर, दोस्रो र तेस्रो लहर फैलँदा भने पहिलो लहरकै सरह जनजीवन सर्वत्र प्रभावित हुने मापदण्ड र व्यवस्थापन व्यावहारिक पनि हुँदैन र सहज पनि हुँदैन/भएन। तर, महामारीको चपेटा भने यथावत नै छ, जोखिम उत्तिकै छ। यो स्थितिमा राज्यले बलपूर्वक लाद्नेभन्दा पनि नागरिक स्वयम्ले आफ्नो सुरक्षा गर्ने र समाजलाई समेत सुरक्षित राख्ने उपाय अवलम्बन गर्नु जरुरी छ। अबका दिनमा कोरोनाबाट पनि बच्ने/बचाउने अनि दैनिक व्यवहार र जीवनचर्या पनि नियमित सुचारु गराउनु बाध्यात्मक परिवेश हो।

अब के-के न हुन्छ, मरिहालिन्छ भनेर त्रसित हुने र यो केही पनि होइन, जेसुकै गर्दा पनि भइहाल्छ भनेर लापरबाही गर्ने- दुवै अतिबाट जोगिएर महामारीको सामना गर्नु यतिबेलाको चुनौती हो।

## विचार...

बिताउछन् र उनीहरूका प्रेरणाको स्रोतहरू पनि फिल्मका तथा गेमका चरित्रहरू र सेलिब्रेटीहरू हुन्छन्। त्यसैले उनीहरूले यस्तै ठाउँहरूबाट नयाँ व्यवहारहरू सिक्छन्।

सन् १९६१ मा अल्बर्ट बान्दुराले एक परिक्षण गरेका थिए जसको उद्देश्य, व्यवहार सिक्नुमा हेर्नु र नक्कल गर्नुको भूमिकाको अनुसन्धान गर्नु थियो। 'बोबो डल एक्सपेरिमेन्ट' नामले प्रख्यात यस परिक्षणमा ३ देखि ६ वर्षका बालबालिकाहरू थिए जसलाई खेल्ने कक्षमा लागिएको थियो र उनीहरूको प्रतिक्रिया रेकर्ड गरिएको थियो।

परिक्षणकर्ताले बालबालिकाहरूले सुरुमा छानेको खेलौना भने अरुको लागि राखेको भन्दै खेल्न दिएका थिएनन्। यस्तो गर्नाले उनीहरूमा निराशा उत्पन्न हुने र निराश हुँदा उनीहरूमा कस्तो व्यवहार देखिन्छ भनि जान्नु जरुरी थियो।

खेल्ने कक्षमा तीन फूट अग्लो 'बोबो डल' नामक एक खेलौनालगायत अरु निकै खेलौनाहरू थिए जसमा आक्रामक र साधारण दुवै प्रकारका खेलौना थिए। जो सहभागी बालबालिकाहरूलाई अगाडी नै बोबो डलमाथि आक्रामक व्यवहार गरेको देखाइएको थियो ती बालबालिकाहरूलाई खेल्ने कक्षमा एक्लै छोडिदिँदा उस्तै प्रकारको आक्रमक व्यवहार दोहोऱ्याइएको धेरै पाइयो तर साधारण तरिकाले खेलेको देखाइएका बालबालिकामा भने आक्रामक व्यवहार कम नै देखियो।

परिणामहरू राम्रा भए दोहोरिने र परिणाम नराम्रा भए नदोहोरिने तरिकाले सिक्नेभन्दा सोसल लर्निंग फरक हुन्छ। कुनै प्रेरणाका स्रोतले गरेको व्यवहारले उसलाई नराम्रो परिणाम दिएको देख्दा पनि बालबालिकाले यस्तो व्यवहार दोहोऱ्याउने गरेको पनि यस परिक्षणले देखाउँछ।

त्यसैले कुनै लोकप्रिय कलाकारले धुम्रपान गरेको देखाउनु अघि धुम्रपान गर्नु स्वास्थ्यको लागि हानिकारक हो भन्ने सन्देश दिनु मात्रले बालबालिका र किशोरकिशोरीहरूलाई धुम्रपान गर्नबाट रोक्न सकिन्नँ। त्यसैगरी कस्तो गर्दा लोकप्रिय र आकर्षक बन्न सकिन्छ, आफ्नो भावनाहरू कसरी नियन्त्रण र संचालन गर्ने, जीवनमा कस्तो चिजलाई महत्त्व दिने भन्ने ज्ञान पनि मिडियाबाट नै लिने गर्दछन्। ग्लमर, आक्रमकता र भौतिकवादी सोचले हावी भएको मिडियाबाट जीवनको ज्ञान लिँदा सधैं उपयोगी नहुन सक्छ र जीवनलाई नै नराम्रो दिशातिर लैजान सक्छ।

**स्वास्थ्यमा पर्ने असरहरू**

आजको दुनियाँमा कुनै व्यक्तिले आखिर कति जानकारी हासिल गर्ला त भनेर नाप्दा वैज्ञानिकहरूले यो पत्ता लगाएक छन् कि एक साधारण व्यक्तिको मस्तिस्कले दिनमा ७४ जीबी डाटा प्रसोधन गर्छ। यो मिडियाको प्रयोगको कारणले मात्र सम्भव भयो किनकि केहि शताब्दीअघि यति डाटा कुनै उच्चशिक्षित व्यक्तिले किताबहरूद्वारा आफ्नो जीवन भरमा मात्र संकलन गर्न सक्दथ्यो।

प्रत्यक सेकन्ड बज्ने नोटिफिकेसन, दिन रात स्क्रोल गर्दा नि नसकिने एपका कन्टेन्टहरू र जवाफ दिएर कहिले नसकिने मेसेजहरूले हाम्रो दिमागलाई एकछिन पनि विश्राम गर्न दिँदैन। यस्तो हुँदा हाम्रो दिमाग एकदम थकित हुन्छ र सहि निर्णय लिन सक्दैन।

आधाघण्टा लाग्ने गृहकार्य गर्न मोबाइल वा ल्यापटप समाएका बालबालिकाहरू घण्टौं अल्मलिन्छन्। पढाइ गर्दा सम्झनु पर्ने चिजहरू र इन्टरनेटमा देखेका कैयौं चिजहरू याद गर्न असमर्थ हुँदा दिमागलाई भार भई एनजाइटी जस्ता मानसिक तनावहरू देखा पर्न सक्छन्। मिडियाको अनियन्त्रित प्रयोगले स्ट्रेस पैदा गरी निन्द्रामा पनि असर पर्दछ।

चाहिने जति निन्द्रा नपुग्दा दिमाग र शरीरमा निकै समस्याहरू आउन सक्छ।

स्क्रीनमा देखेजति जानकारी प्रशोधन गर्न नसक्दा मस्तिष्क कम्प्युटर ह्याङ भएझैं डिजिटल ओभरलोडको अवस्थामा पुग्छ जसका लक्षणहरू विचलित, चिन्तित, थकित, वा निराश हुनु हुन्। धेरै युवाहरूमा निन्द्राको अभाव र डिजिटल ओभरलोडको कारण डीसओरिन्टेसनको लक्षण पनि देखिएको पाइन्छ जस्तै हालै घटेको घटना कुन समय घटेको याद नहुने वा समाएको कुनै पत्तो नहुने। अझ निकै घण्टा दिनहुँ एकै ठाउँमा हलचल नगरी बस्ने बानीले अरु थप रोगलाई निम्त्याउँछ र वैज्ञानिकहरूले यस्तो जीवनशैलीको सहसम्बन्ध अल्पकालीन मृत्युसँग हुने पत्ता लगाएका छन्।

**निउरोलोगिकल असरहरू**

जब एउटा चिजको बारेमा जान्नका लागि हामी ब्राउजर खोल्छौं तब अनेकौं सम्बन्धित वा असम्बन्धित विज्ञापन, हाइपरलिङ्क, भीडियो, नोटिफिकेसन, म्यासेज अवलोकन गर्दागर्दै हाम्रो एकैचोटीमा धेरै एप वा ट्याबहरू एकै साथ प्रयोग गर्ने बानी बसिसकेको हुन्छ। यसैकारण हाम्रो मस्तिष्क दिमाग नचलाउन पर्ने एकैचोटी अनेकौं काम गर्न मिल्ने अर्थात् मल्टिटास्किङ गर्न रुचाउँछ तर ध्यान दिएर गर्नुपर्ने धेरै समय लाग्ने काम गर्न रुचाउँदैन।

टिकटक र फेसबुक जस्ता एप चलाउने बानीले हाम्रो निकै बेर ध्यान दिएर काम गर्न सक्ने क्षमता बिलिन हुँदै जान्छ किन भने अलिकति पनि चाख नलाग्दो केहि पनि चिजलाई समय दिने हाम्रो बानी हुँदैन हामी स्वइप गर्दिन्छौं।

तर जीवनमा धेरै महत्त्वपूर्ण काम यस्ता प्रकारका हुन्छन् जुन चाख लाग्दा हुँदैनन् तर महत्त्वपूर्ण हुन्छन् र एकाग्र भएर मेहेनत गर्न नसक्नुको कारण हामी कामहरू भोलिका लागि थाँती राख्छौं, अनि असफल हुन्छौं।

बाल्यावस्थादेखि यस्तै बानी विकास भएका किशोर-किशोरी र युवाहरूलाई यस्तो समस्याबाट निस्किन निकै कठिन पर्छ र जीवनबाट निराश हुन्छन्।

त्यसैले साना बच्चाहरू भुलाउन मोबाइल दिने बानी पछिका लागि एकदम हानिकारक प्रमाणित हुन्छ किनभने उनीहरू सहि र गलत छुट्याउन सक्दैनन् तर उनीहरूलाई असर भने परिरहेको हुन्छ।

झन् बच्चाबच्चीहरूमा अधिक स्क्रीनको प्रयोगले दिमागी विकास र निउरोकेमिकलको सन्तुलनमा पनि असर गर्ने वैज्ञानिकहरूको पुस्टि छ।

प्रायः सोसल मिडिया वा इन्टरनेटका नियमित प्रयोगकर्ताहरू मान्दछन् कि उनीहरूलाई मोबाइलविना बच्न कठिन हुन्छ। जीवनशैली नै असर पर्ने गरी अत्यधिक इन्टरनेटको प्रयोग विशेषगरी साइबर सेक्स, गमिङ, भर्चुअल पर्सनालिटि र दुनियाँबाट निस्किन नचाहनु, चाहिने नचाहिने जानकारी संकलन गर्नु, प्रत्येक सेकन्ड मोबाइल चेक गर्नु आदिलाई विश्वव्यापी रूपमा एक लत हो भनेर मानिन्छ र यसबाट छुटकारा पाउन निकै नै कठिन छ।

सन् २००९ को एक अध्ययन अनुसार इन्टरनेट एडिक्टेडहरूको मस्तिष्कमा र लघु औषधको लतमा फसेका व्यक्तिहरूको मस्तिष्कमा उस्तै संरचनात्मक परिवर्तनहरू उपस्थित भएको देखाएको थियो। कुनै पनि कुलतबाट टाढा बस्न खोज्दा विथड्रल लक्षणहरू देखिन्छ र इन्टरनेटको पहुँचबाट टाढा बस्न खोज्दा नि यस्तै क्रोध, तनाव र डिप्रेसनमध्येका लक्षणहरू देखिन्छन्। विकसित देशहरूमा यससँग लड्न थेरापीको सहायता लिने गरिन्छ। तर हाम्रो देशमा भने अहिलेसम्म यो समस्या हो बन्नेसम्म चेतना विकास हुन सकेको छैन।

**सामाजिक सञ्जाल या सामाजिक दूरी**

रमाइलो काम गर्दा अझ भनौं सफल सामाजिक अन्तरक्रिया गर्दा दिमागले 'डोपामिन' नामक निउरोकेमिकल पैदा गर्छ र त्यस्तो काम फेरी दोहोऱ्याउन उत्प्रेरित गर्छ। आफ्नै हातमा सधै भइरहने मोबाइलबाट भिडियो हेरौं, गफ गरौं वा गेम खेलौं त्यति सजिलै डोपामिन पाउन सक्ने बनाएको छ इन्टरनेट र मिडियाले हामीलाई। यसै कारण हामी निरन्तर उत्तेजनाको दौडमा लागुऔषधको लतमा झैं डोपामिनको लतमा फसेका छौं।

यसले वास्तविक जीवन, परिवार र साथीहरूलाई नै बिर्सने, बेवास्ता गर्ने वा महत्त्वपूर्ण नठान्ने प्रवृतिको समेत सिर्जना गर्छ र सामाजिक र व्यक्तिगत अन्तरक्रियाको सीपहरू हराउँदै जान्छन्।

मानिस मानिसबीच हुने सम्बन्धको अवास्तविक अपेक्षाहरू जुन अनलाइन दुनियाँमा गरेजस्तो देखाउन सजिलो हुन्छ त्यो वास्तविकतामा पाउन नसक्दा पनि मानिस समाज र सत्यताबाट टाढा हुँदै जान्छ।

---

## शान्तिपूर्ण...

*डरलाग्दो चित्र देखा पर्दछ। यसलाई पूराका पूरा सच्याइएन भने सरकारमा गएर समाजवादको आधार निर्माण गर्ने कुरा काल्पनिक मात्र होइन, बदनामीको माध्यम हुनेछ।*

*६. हाम्रो आन्दोलन ओरालो लाग्नाको र जनतासँगको सम्बन्ध कमजोर हुनाको मुख्यकारण पार्टीका नेताहरूको अपारदर्शी आर्थिक जीवन हो। हामीमाथि भ्रष्टाचार, कमिसन, घुसमार्फत अकुत सम्पत्ति थोपरेको गम्भीर आरोप छ। हाम्रो जीवनशैली र परिवार एवं नातागोताको फूर्ती हेर्दा अर्थमोह होइन भन्ने ठाउँ छैन। सम्पत्तिमाथिको निजी स्वामित्वको अन्त्य गर्दै समाजवादी र साम्यवादी समाज निर्माण गर्ने चेतना र आन्दोलन सीमित नेताहरूको वर्ग उत्थानमा गएर बदनाम हुने कुरो कसरी सहन सकिन्छ। त्यसकारण हाम्रा नेताहरू, जनप्रतिनिधिहरू र लाभको पदमा गएका सदस्यहरूको सम्पत्ति छानविन गर्न तत्काल पार्टीभित्र समिति बनाऔं। आन्दोलनको अख्तियारी दुरूपयोग गरेर सम्पत्ति थोपर्ने नेताहरूलाई पार्टीबाट कारबाही गर्ने आँट गरौं। अनि बल्ल समाजवादबारे छलफल गर्न सक्ने धरातल बन्छ।*


*७. एकातिर हामीले दलाल पुँजीवाद विरुद्ध लड्ने कुरा गरेका छौं, भने अर्कोतिर दलाल पुँजीवादको घोडा चडेर दौडिरहेको उदार पुँजीवादी शक्तिसँग रणनीतिक मोर्चा बनाएर अघि बढ्ने प्रगोग र घोषणामा छौं। यसलाई सैद्धान्तिक र व्यवहारिक रूपमा सच्याएनौं भने हामी पनि दलाल पुँजीवादको घोडसवार बन्नुको विकल्प छैन। सायद यही कारण प्रतिवेदनले हाम्रो समाजको वर्ग विश्लेषण गर्न चाहेन र कुन-कुन राजनीतिक शक्तिले कुन वर्गको हितमा काम गरिरहेको भनेर विषय प्रवेश गर्न आवश्यक ठानेन। जुन वर्गसँग लडेर जित्नु छ, त्यही वर्गलाई मित्रशक्ति बनाउने व्यवहारले हाम्रो कार्यनीति, कार्यनीतिले रणनीतिमा पुऱ्याउने योगदान र वैज्ञानिक समाजवादको आधार निर्माणको पहल अघि होइन पछाडि फर्कन्छ। साथै यसले वर्ग संघर्षलाई अस्वीकार गर्दछ। जब वर्ग विश्लेषण र वर्ग संघर्षमा हामी मौन वा निष्क्रय हुन्छौं तब पार्टीमा अन्तरसंघर्ष विहिन मान्छेहरूको भुण्ड मात्र बाँकी रहन्छ। अन्तरसंघर्ष विहिन पार्टी मृत पार्टी हुन्छ, जुन माओवादी हुनै सक्दैन।*

*८. दलाल पुँजीवाद विरुद्ध लड्ने पार्टीले सबभन्दा पहिला त्यो प्रवृत्तिबाट मुक्त संगठन, नेता कार्यकर्ता निर्माण गर्नैपर्छ। पसिना बगाएर वा उत्पादनसँग जोडिएका श्रमशील नेता-कार्यकर्ता समाजवादका खास आधार हुन। श्रम नगर्ने वा उत्पादनसँग नजोडिएका नेता कार्यकर्ताको सघनता जब पार्टीमा देखा पर्दछ तब त्यहाँ दलाल पुँजीले हैकम चलाउँछ। बिना पसिना, उत्पादनसँगको विना सहकार्य दैनिक लाखौं गरिने हाम्रा नेता कार्यकर्ताहरूको खर्चको स्रोत के हो ? हामीमाथि विरोधीले आक्रमण गर्ने हतियार यही हो। यसकारण दलाल पुँजीसँगको हाम्रो हितैसी सम्बन्धलाई व्यवहारिक अन्त्यको घोषणा, उद्योग व्यापारबाट सम्पत्ति कमाएको तत्कालाई पार्टी समर्थक समूहमा भर्ने कार्यक्रम र विचौलीया धन्दाबाट सम्पत्तिवाल बनेको वर्गलाई पार्टीबाट निकाल्ने दृढताले मात्र हामी मार्क्सवादी बन्न सक्छौं। आधारभूत वर्ग धरातलमा हाम्रो आन्दोलनले खुट्टा टेक्छ। यसरी मात्र दलाल पुँजीवादका विरुद्ध लड्ने कार्यनीति कार्यान्वयन गर्ने ठाउँमा उभिने नैतिकता राख्दछौं।*

*९. एमालेसँगको एकता सबै कोणबाट सही थियो भन्ने विषय प्रतिवेदनमा उल्लेख गर्ने कुरो समग्रतामा सही छैन। एमालेसँगको चुनावी तालमेल र कार्यगत मोर्चासम्मलाई सही मान्न सकिन्छ तर शान्तिपूर्ण संसदवादमा डुबेको, उदारवादी अर्थतन्त्रको घोडा चढ्ने र ओली जस्तो दक्षिणपन्थी विचारको नेतृत्वसँग छापामार तरिकाले गरिएको एकता सैद्धान्तिक र प्रक्रियागत हिसाबले गम्भीर गल्ती थियो। त्यस्तो पुँजीवादी पार्टीसँग एकता गरेर समाजवादको तयारी भन्ने आँट आजसम्म बिना संकोच गरिरहेका छौं। यो दक्षिणपन्थ होइन। अदालतले दुई पार्टीलाई अलग बनाएपछि ओली त जान्थे, गए। तर ओलीलाई हामीले कारबाही गरेपछि बनाइएका अध्यक्षसहितको समूह पेरिसडाँडाबाट लुरुलुरु धुम्बराही जाने कुराले एकतालाई सही थियो भनेर पुष्टि गर्छ ? त्यसकारण त्यो गल्ती सामान्य उदारवादी कार्यशैलीमा मात्र सीमित थिएन, यसमा कमरेड प्रचण्डभित्र विकास भइरहेको व्यक्तिवादी अराजकता र संसदवादी रुझान पनि जिम्मेवार छ।*

*१०. हामी सबै मुख्यतः कमरेड अध्यक्षमा आत्मकेन्द्रित व्यक्तिवादको समस्या देखिएको छ। तपाईंका प्रायः सबै सार्वजनिक अभिव्यक्तिमा हाम्रो वर्ग, हाम्रो पार्टी, हाम्रो आन्दोलन र हाम्रो केन्द्रीय समितिको निर्णय भन्ने कतै सुनिँदैन। सुनिन्छ त म, मेरो, मेलै, प्रचण्डले मात्र। यसको एउटा उदाहरण तपाईंले नेकपा कालमा केपी ओलीलाई लेखेको पत्रमा म भन्ने शब्द २४ पटक दोहोरिएको छ, भने हामी भन्ने एक ठाउँमा मात्र। हामीले ओलीभित्रको वा प्रवृत्तिले कम्युनिस्ट आन्दोलनमा पारेको नकारात्मक प्रभावको खण्डन गर्दैगर्दा हामीभित्र पनि अर्को रूपको वा प्रवृत्ति देखिएको छ। तपाईं आफैं सशरीर उपस्थित भएको ठाँउमा तपाईंका लस्करै तस्वीर राख्न कसले निर्देशन दिएको हो। कमरेड अध्यक्ष, त्यो ठाउँमा दिलबहादुर वा सुरेश वाग्ले अथवा सहिदहरूको तस्बीर राखेको भए हाम्रो संस्कृति कति सुसंगत हुन्थ्यो होला ?*

# 'शान्तिपूर्ण प्रतिस्पर्धाबाट वैज्ञानिक समाजवाद' भन्नु दक्षिणपन्थ



दस्तावेज

लेखनाथ न्यौपाने

नेकपा (माओवादी केन्द्र)को जारी आठौं महाधिवेशनमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेश गरेको राजनीतिक प्रतिवेदनमाथि नेता लेखनाथ न्यौपानेले फरक मत राखेका छन् । महाधिवेशनमा प्रस्तुत गरेको प्रचण्डको राजनीतिक प्रतिवेदन '२१ औं शताब्दीमा समाजवादको नेपाली बाटो' अपूर्ण रहेको भन्दै १० बुँदे फरक मत राखेका हुन् । उपत्यका विशेष प्रदेश समितिको समूहगत छलफलमा उनले फरक मत राखेका थिए । उनले आफ्नो १० बुँदे फरक मत बन्दसत्रमा राख्ने बताए । उनले भने 'अध्यक्ष कमरेडको राजनीतिक दस्तावेज अपुरो छ । यो केवल चुनाव देखि चुनावसम्मको मात्र छ । यसले नत पार्टी बन्छ नत समाजवाद आउँछ । नेतामा इमान्दारी भएमा सुधार हुने हो । समाजवाद आउने होइन ।' उनले आफ्नो फरक मत बन्दसत्रमा राख्न अध्यक्ष मण्डललाई अनुमति माग्ने नदिए पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्ने बताए । फरक मत हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र) को आठौं महाधिवेशन (पुष ११-१५, ०७८) मा अध्यक्ष कमरेड प्रचण्डले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमाथि निम्न विषयमा म लेखनाथ न्यौपाने फरक मत राख्दछु ।

१. महाधिवेशनको अर्थ मूल्य र गुरुत्व जुन हुन्छ त्यो अनुसार विषय र नीतिको कोणबाट यो प्रतिवेदन प्रतिवेदनको समग्र तहमा संगठित छैन । विचार, दृष्टिकोण र दिशामा सातौं महाधिवेशनको प्रतिवेदन भन्दा पछाडि फर्किएको यो प्रतिवेदनले आजका भित्री र बाहिरी समस्याहरूको हल दिन सक्दैन । कि अध्यक्ष कमरेडले लेख्नुभएको हुनाले जस्तो भएपनि प्रतिवेदनकै स्तरमा आएको छ भन्नु पऱ्यो कि त सम्मेलनको तयारीको अन्तिम क्षणमा महाधिवेशन भन्ने निर्णयको परिणाम भन्नु पऱ्यो । नत्र यो प्रतिवेदनले महाधिवेशनको गरिमा र ओज बोक्दैन ।

२. यो प्रतिवेदन माथिमाथि उडान गरेको तर जमिनमा खुट्टा टेकेको छैन । जमिनमा खुट्टा टेकाउनको लागि नेपाली समाजको आजको चरीत्र अथवा अन्तरविरोधहरू, वर्गहरूबीचको सम्बन्ध र संघर्ष, उत्पादन प्रणाली, उत्पादनका साधनमाथिको स्वामित्व र वितरण प्रणालीबारे अनिवार्य विश्लेषण हुनुपर्छ । त्यसैगरी तीव्र रूपमा भइरहेको आन्तरिक बसाइँसराइँ र यसले उत्पादन र राजनीतिक आन्दोलनमा पारेको दोहोरो नकारात्मक प्रभाव, विश्व श्रम बजारमा जाने नेपाली जनशक्ति र यसले पैसासँगै राजनीतिक धारणा एवं मतदानमा परिरहेको प्रभाव, विदेश पढ्न जाने विद्यार्थीहरूको बढ्दो संख्या र राम्रो जीवनको खोजीमा विश्वका विभिन्न देशमा जाने नेपाली युवाहरूको एक मात्र लक्ष्य, देशभित्र रहेका किसान, श्रमिक, अति गरिबीको रेखामुनी (२३ प्रतिशत) र गरिबीको रेखामुनी (५६ प्रतिशत) एवं हामीले भन्ने गरेको सर्वहारा वर्गको आकार र अवस्था आदिबारे खोज, अध्ययन र निष्कर्ष विना न प्रतिवेदन जमिनमा टेकेको हुन्छ न त प्रतिवेदनको शीर्षक 'समाजवादको नेपाली बाटो'लाई सही सिद्ध गर्न सकिन्छ ।

३. यो प्रतिवेदनले वाम बाटो समातेको छैन । दक्षिणपन्थी संशोधनवादी दिशामा सोझिएको प्रतिवेदन माओवादी कम्युनिस्ट पार्टीको महाधिवेशनको प्रतिवेदन कसरी हुन्छ ? पहिलो, शान्तिपूर्ण प्रतिस्पर्धाबाट आजसम्म दुनियाँमा न कतै समाजवाद आएको थियो, न आउने सम्भावना नै छ । उहिल्यै १९५६ मा बदनाम भएको खुश्चोवी लाइनअनुसार जनवादी कान्तिका बाँकी कार्यभार पूरा गर्दै समाजवादको आधार निर्माण भन्ने विषय गम्भीर सैद्धान्तिक विचलन हो । तत्काल वा कार्यनीतिक रूपमा शान्तिपूर्ण प्रतिस्पर्धालाई अबलम्बन गर्ने हदसम्म ठीक मान्न सकिन्छ तर शान्तिपूर्ण प्रतिस्पर्धाबाट नै वैज्ञानिक समाजवादको आधार निर्माण गर्ने धारणा दक्षिणपन्थ नै हुन आउँछ । दोस्रो, मार्क्सवादको रक्षा सिर्जनात्मक प्रयोग र थप विकास गर्ने उद्देश्यबाट चिप्लिएर प्रतिवेदनको धेरै ठाउँमा प्रयोग र परिमार्जन भनिनु मार्क्सवाद विस्तारै छोड्दै जाने दक्षिणपन्थ हो । तेस्रो, कार्यशैली र संस्कृतिमा हामी जे भन्छौं त्यो गर्दैनौं र जे गर्छौं त्यो भन्न सक्दैनौं । यो कार्यशैली संस्कृतिमा देखिने अर्को दक्षिणपन्थ हो । ०४८ मंसिरमा सम्पन्न नेकपा (एकता केन्द्र)को एकता महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदनको नेपाली कम्युनिस्ट आन्दोलनका आधारभूत समस्याहरू उपशीर्षकको४ नम्बर बुँदा हेर्दा प्रमाणित हुन्छ । त्यहाँ भनिएको छ- 'भनाइ र गराइमा एकरूपताको अभाव तथा सिंगो कम्युनिस्ट आन्दोलनकै सांस्कृतिक र नैतिक मूल्य, मान्यताको नितान्त दयनीय अवस्थाको रोगका कारणले हामी ग्रसित छौं । हामीले जतिसुकै क्रान्तिकारी कुरा गरे पनि यदि त्यो हाम्रो दैनिक व्यवहार र आचरणसँग गाँसिएको छैन भने त्यो सिर्फ लफ्फाजी मात्र हुन जान्छ । नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि काम गरेर पनि नेतृत्वना कम्युनिस्ट नैतिकता र आचरणको चिन्ताजनक हदसम्म अभाव पाइन्छ ।

सामान्यतः कार्यकर्ता र जनतामा नयाँ संस्कृति, नैतिक मूल्यमान्यता नेतृत्वबाट नै प्रसारित हुने कुरा हो । तर हाम्रो आन्दोलनको नेतृत्वको जीवनशैली, व्यक्तिगत आचरण र दिनचर्या सामन्ती र बुर्जवाहरूको भन्दा खासै फरक पाइँदैन । अझ कतिपय अर्थमा त त्यो जस्तो कि भन्ने गरिन्छ 'बुर्जुवा मानवतावादी'को भन्दा पनि तल रहने गरेको छ । बोलीको ठेगाना नहुने, निम्नस्तरको झुटो बोल्ने, आर्थिक हिनामिना गर्ने, भ्रष्ट यौन आचरण प्रदर्शन गर्ने, आफ्ना निम्ति विशेष सुविधाको माग गर्ने, संगठनमा जालझेल र षड्यन्त्र गरेर नेता बनिरहने, तानाशाही र उदारवादी बन्ने, संगठनलाई आफ्नो व्यक्तिगत पेवा वा सम्पत्ति सम्झने, बाहिर सर्वहारा आदर्शको कुरा गर्ने, भित्र लुकिछिपी जस्तोसुकै भ्रष्ट काम पनि गर्न पछि नपर्ने जस्ता नितान्त सामन्ती र बुर्जुवा नैतिकता हाम्रो आन्दोलनको नेतृत्वना छरपस्टै देखापर्ने गरेका छन् । जबसम्म आन्दोलनको नेतृत्व यस किसिमका घातक र व्यक्तिवादी प्रवृत्तिबाट मुक्त हुँदैन, तबसम्म जनताको क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने र समाजलाई बदल्ने भन्ने कुरा ढाँट कुरा र 'दिन काट्ने र काल पर्खने काम सिवाय केही हुँदैन । गत कालमा पार्टीमा अनावश्यक टुटफुट पार्ने, गुटबन्दी र षड्यन्त्र गर्ने कामको मूलमा नेतृत्वको सामन्ती र बुर्जुवा चिन्तन पद्धति र कार्यशैली प्रमुख रूपमा जिम्मेवार रहने गरेका छन् । पार्टीले यो प्रश्नलाई पूर्ण गम्भीरताका साथ लिएर समाधानका उपायहरूको खोजी गर्ने पर्दछ । अन्यथा 'घुमिफिरी रूम्जाटार' भने हामी पनि संशोधनवादकै खाडलमा जाकिने कुरामा शंका रहन्छ ।' पार्टी सानो हुँदा, सत्तामा नहुँदा एवं स्रोत र साधनमा कमजोर हुँदाका समस्या त त्यति डरलाग्दा थिए भने आज ति तिनै चीजमा डुबेको बेला समास्या हजार गुणा नकाररूपमा बढेका छन् । जिम्मा क-कसले लिने हो ?

४. बनिबनाउ बुर्जुवा राज्यसत्ता अन्तर्गत हामी सरकारमा गएर समाजवादको आधार निर्माण गर्ने तरिका मौलिक होइन बरु मार्क्सवाद विरोधी हो । पहिलो, हाम्रै अनुभव छ कि जनयुद्धबाट आएर पहिलो चुनावमै त्यत्रो तागतसहित हाम्रै नेतृत्वमा सरकार बन्दा समेत जाबो एउटा सेनापति र पशुपतिको भट्ट फेर्न सकेनौं । दोस्रो, चुनावबाट अएको भेनेजुयलाका चावेज जो कम्युनिस्ट होइनन् बामपन्थी मात्र थिए उनले १९९८ मा निर्वाचित भएपछि पहिलो घोषणामा २२ हजार अमेरिकी सेनालाई २४ घण्टाभित्र भेनेजुयला छाड्ने आदेश दिए र अमेरिकासँगको सैन्य सम्बन्ध अन्त्यको घोषणा गरे । अन्मुनियम र तेलमा भएको वैदेशिक लगानीको अन्त्यको घोषणा गर्दै राष्ट्रियकरण गरे र भूमिसुधार लागु गरेर जमिन्दारहरूको जमिन किसानहरूलाई वितरण गरे तर सैन्य रणनीति अन्तर्गतको एमसीसी परियोजनाप्रति हाम्रो लसपस र अस्वीकार्यको स्पष्ट धरणा नआउनु साथै माओवादी कम्युनिस्टहरूको नेतृत्वमा बनेका सरकारहरूले एक पटक पनि औपचारिक रूपमा कुख्यात सुगौली सन्धिलगायत अन्य असमान सन्धिबारे 'चूँ'सम्म नबोल्नु जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने सन्दर्भसँग बाझिन्छ । आगामी दिनमा सरकारमा गएर जनवादी क्रान्तिका बाँकी कार्यभार र समाजवादी आन्दोलनको नेतृत्व गर्ने सैद्धान्तिक र व्यवहारिक धरातल हाम्रो आजको राजनीति लाइनले सुरक्षित गर्दैन ।

५. ०६३ पछि हाम्रो नेतृत्वमा तीनवटा सरकार बने साथै त्यस अतिरिक्त प्राय सबै सरकारमा हामी सहभागी छौं । एउटै पात्र पटक-पकट मन्त्री बनेको छ । उनीहरूको न पारदर्शिता र कार्यसम्पादनसहितको मूल्यांकन छ, नत गणना गर्न लायक जनताले अनुभूत हुनेगरी गुणात्मक कुनै काम नै भयो ? हाम्रै नेतृत्वमा प्रादेशिक सरकार छन् । तिनीहरूले अरु पार्टीले नेतृत्व गरेको सरकारभन्दा फरक के काम गरे ? स्थानीय सरकार हामीले जितेको ठाउँमा एउटा नमूना पालिका सरकार कतै छ ? यसको निर्मम समिक्षा नगरी सरकारदेखि सरकारसम्मको गोलचक्करले हामीलाई बदनाम मात्र बनाउँछ । जसरी सन् १९५९ को क्युवाली क्रान्तिभन्दा अघि सरकारमा गएका कम्युनिस्ट नेताहरूले गरेको भ्रष्टाचारले कम्युनिस्ट भन्ने शब्द नै घृणाको प्रयाय बनेको थियो । त्यसकारण त्यहाँ कम्युनिस्टको नाममा क्रान्ति गरिएन । बरु क्रान्ति सम्पन्न भएपछि फिडेलहरूले आफू कम्युनिस्ट भएको सार्वजनिक गरे । हाम्रो तर्फबाट मन्त्री भएकाहरूको कुरा छाडौं, मन्त्रीका अधिकांश पिएहरूको मात्र सम्पत्ति छानबिन गर्ने हो भने बदनामीको क्रमशः दोस्रो पृष्ठमा



# कोरोना देखाउने डरले रूघाखोकी र ज्वरोका बिरामी त्रसित

**डोटी ।** मौसम परिवर्तनसँगै बढेको अत्यधिक चिसो बढेका कारण डोटीमा रुघाखोकी र ज्वरोका बिरामीको संख्या दिनहुँ बढिरहेको छ। चिसो बढेसँगै जिल्लाका सरकारी, निजी अस्पताल तथा पोलिक्लिनिकमा बिरामीको चाप ह्वात्तै बढेको हो।

पिसीआर जाँच गरे कोरोना पोजेटिभ देखिने गरेको भन्दै जिल्लास्थित गाउँघरका रुघाखोकी तथा ज्वरोका बिरामी अस्पताल नआउने र आइहाले पनि पिसीआर जाँच नगराउने गरेको स्वास्थ्यकर्मीले जानकारी दिए।

गाउँघरमा रुघाखोकीका बिरामी थपिँदै गएपछि कोरोना संक्रमण हो कि भन्ने स्थानीयवासीमा चिन्ता छाएको जोरायल गाउँपालिका-५ गड्सेरा स्वास्थ्यचौकीका अनमी विद्धी भण्डारीको भनाइ छ। 'गाउँ-गाउँमा ज्वरो र रुघाखोकीका बिरामी बढी छन्, कोरोना संक्रमण हो कि भन्ने स्थानीयवासीमा चिन्ता छ, जाँच कसैले गर्दैनन्' उनको भनाइ थियो।

चिसोको प्रभावले दैनिकजसो सयौँका संख्यामा रुघाखोकी र ज्वरोका बिरामी उपचारका लागि आउने गरेको शैलेश्वरी अस्पताल दिपायल पिपल्लाका चिकित्सक लोकेन्द्र बोहराले बताए। 'चिसो बढेको छ, बालबालिका तथा वृद्धवृद्धा दैनिक सयौँका संख्यामा उपचारका लागि आउने गरेका छन्, बिरामीको भीड लागेको छ' बोहराले भने।

यस्तै जिल्ला अस्पतालमा पनि रुघाखोकी तथा ज्वरोका बिरामीको संख्या दैनिक रूपमा बढ्दै गएको अस्पतालका सूचना अधिकारी अमर भाटले जानकारी दिए। उनकाअनुसार अहिले जिल्लाअस्पतालमा दैनिकजसो ५० देखि ६० जनाजम्म रुघाखोकी तथा ज्वरोका बिरामी उपचारका लागि आउने र तीमध्ये बालबालिका तथा वृद्धवृद्धा बढी रहेका छन्।

जिल्लामा केही दिनयतादेखि रुघाखोकी तथा ज्वरोका बिरामी बढेपछि घरैमा पानी तताएर खान, तुलसीको पात, सिन्कौलीको पात, बेसार र अदुवा हालेर उमालिएको पानी खान चिकित्सकले सल्लाह दिएका छन्।

जिल्ला अस्पतालले चिसो मौसम सुरु भएकाले ज्वरो र रुघाखोकी लाग्दा नआत्तिन तथा नजिककैको स्वास्थ्य संस्थामा गएर उपचार गराउन सबैलाई आग्रह गरेको छ। चिसो मौसमका कारण जाडो बढेसँगै कोरोना संक्रमण समेत बढिरहेको खबरले जिल्लाबासीमा चिन्ता छाएको पनि स्वास्थ्यकर्मीको अनुमान छ।

# तेस्रो पटक पशुपति क्षेत्रका सबै मन्दिर सर्वसाधारणका लागि बन्द




**काठमाडौं ।** नयाँ भेरियन्टसहितको संक्रमण तीव्र हुन थालेपछि तेस्रो पटक पशुपतिनाथ मन्दिर सर्वसाधारण दर्शनार्थीका लागि बन्द गरिएको छ।

कोरोना महामारीको नयाँ भेरियन्ट देखिएका बेला यसअघि पनि महिनौंसम्म सर्वसाधारणका लागि बन्द गरिएको पशुपतिनाथ, गुह्येश्वरी, चन्द्रविनायकलगायत मन्दिरमा फेरि ओमिक्रोन अर्थात नयाँ भेरियन्ट फैलिँन थालेसँगै भीडभाड र हुन नदिन भन्दै नित्य र नैमित्तिक पूजाबाहेक अन्यका लागि बन्द गरिएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताए।

नेपाल सरकारको निर्णयअनुसार पशुपतिनाथ मन्दिरमा नित्य र नैमित्तिक पूजा बाहेकका सबै धार्मिक क्रियाकलाप बन्द गरिएको जानकारी दिँदै खतिवडाले अर्को सूचना नभएसम्मका लागि अन्य धार्मिक क्रियाकलाप रोकिएको सुनाए।

यसअघि विसं २०७६ चैत पहिलो साता नेपाल पहिलोपटक कोरोना संक्रमण भेटिएपछि बन्द गरिएको पशुपतिनाथलगायत मन्दिरहरु नौ महिनापछि २०७७ पुस १ गते देखिमात्र दर्शनार्थीका लागि खुला गरिएको थियो।

त्यसपछि पनि डेल्टा भेरियन्टसहितको कोरोना संक्रमण तीव्र भएपछि दोस्रोपटक सर्वसाधारणका लागि बन्द गरिएको पशुपतिनाथ मन्दिर तीजपछि मात्र खुला गरिएपछि चलपहल बढेको थियो।

# स्थानीय तहको निर्वाचन वैशाखमा गर्ने सत्ता गठबन्धनको निष्कर्ष

**काठमाडौं ।** केही दिनअघि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तागठबन्धनको बैठकले वैशाखमा स्थानीय तहको निर्वाचन गर्ने निष्कर्ष निकालेको छ।

मंगलबार बिहान 'उच्चस्तरीय राजनीतिक समन्वय समिति'का बैठकमा सहभागी पाँच सत्ताघटक दलका नेताहरू संविधान र कानुनको व्यवस्था अनुसार समयसीमाभित्रै स्थानीय चुनाव गर्नुपर्नेमा एकमत भएका हुन्।

'संविधानअनुसार समयमै चुनाव गर्न सबै दल सहमत भएको बुझियो, केही प्राविधिक विषय मिलाउन बिहीबार अर्को बैठक बस्ने निर्णय भएको छ'- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का स्वकीय सचिव रमेश मल्लले सञ्चार माध्यमहरूलाई जानकारी दिए।

सोही बखत बैठकमा सहभागि नेताहरुले आउँदो हप्ता १२ माघमा हुन लागेको राष्ट्रियसभा सदस्य निर्वाचनमा संयुक्त उम्मेदवारी दिएको सम्बन्धमा समेत छलफल गरेको बुझिएको छ। राष्ट्रिय राजनीति र गम्भीर प्रकृतिका विभिन्न मामिलामा समन्वय समितिले बैठक बसेर निर्णय गर्दै गठबन्धनको मर्मअनुकूल सरकार सञ्चालनमा सहयोग गर्ने गरेको छ।

कांग्रेसनेता रामचन्द्र पौडेलको संयोजकत्वमा गठन भएको उक्त राजनीतिक समन्वय समितिमा कृष्णप्रसाद सिटौला, माओवादी केन्द्रबाट अध्यक्ष प्रचण्ड र नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीबाट अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनमोर्चाबाट अध्यक्ष चित्रबहादुर केसी र उपाध्यक्ष दुर्गा पौडेललगायत सदस्य रहेका छन्।

# चर्को शुल्क असुल्ने कलेज सञ्चालकलाई कालोमोसो




**काठमाडौं ।** तोकेभन्दा बढी सुल्क असुल्ने काठमाडौं मेडिकल कलेज (केएमसी) का कार्यकारी अध्यक्ष सुनिल शर्मालाई विद्यार्थीहरूले सिंहदरबारभित्रै कालोमोसो दलिदिएका छन्। केही दिनअघि शिक्षा मन्त्रालयमा बसेको सर्वपक्षीय बैठकबाट बाहिरिने क्रममा उनलाई विद्यार्थीले कालोमोसो दलिदिएका हुन्।

सिंहदरबारको मुख्य भागमा कडा सुरक्षा घेराभित्र रहेको मन्त्रालय परिसरमै पाँच जना विद्यार्थीले शर्मालाई कालोमोसो दलेका हुन्। कालोमोसो दल्ने समूहमा सहभागी भएका नेकपा (एस) सम्बद्ध अनेरास्ववियुका उपमहासचिव महेश श्रेष्ठ र स्थायी कमिटी सदस्य अमर पुनलाई प्रहरीले पक्राउ गरेको छ। सो संगठनका अध्यक्ष सुदेश पराजुलीले पक्राउ परेका विद्यार्थीलाई तत्काल रिहा गर्न माग गरेका छन्।

'सुनिल शर्मालाई कालोमोसो दलेका छौं,' पराजुलीले भने- 'हाम्रो संगठनका उपमहासचिव महेश श्रेष्ठ र स्थायी कमिटी सदस्य अमर पुनलाई तत्काल रिहा गर्न माग गर्दछु।' शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको उपस्थितिमा भएको बैठकमा सहभागी भएर शर्मा बाहिरिएका थिए।

चिकित्सा शिक्षा आयोगले तोकेभन्दा बढी शुल्क लिन नपाउने विषयमा मन्त्रालयमा छलफल भएको थियो। सो छलफलमा सबै सहभागीका कुरा अस्वीकार गर्दै शर्माले भने अतिरिक्त शुल्क लिन पाउनुपर्ने र लिइछाड्ने अड्डी कसेका छन्।

# भारी हिमपातका कारण विकट जिल्ला म्यागदीको जनजीवन प्रभावित



**काठमाडौं ।** विकट र दुर्गम जिल्ला म्याग्दीका विभिन्न क्षेत्रमा भारी हिमपात हुँदा स्थानीयको दैनिकी सकसपूर्ण बनेको छ। हिमपातका कारण सडक तथा पैदल मार्ग अवरूद्ध बनेपछि अत्यावश्यक कामका लागि समेत आवतजावत गर्न मुस्किल परेको हो।

भारी हिमपातपछि जिल्लास्थित लुलाङ हुँदै धवलागिरि गाउँपालिका-१ गुर्जा जोड्ने एक मात्र पैदलमार्ग अवरुद्ध भएपछि त्यहाँका दुईसय ६० घरधुरी सम्पर्कविहीन बनेका हुन्। बाक्लो हिउँले पैदलमार्ग पुरेको वडाध्यक्ष भकबहादुर छन्त्यालले जानकारी दिए। हिउँ जमेर बाटो पुरिएसँगै मानिस, घोडाखच्चर र गाईबस्तु समेतको आवतजावत बन्द भएको छन्त्यालले बताए।

गएको महिना परेको हिउँ पग्लिन नपाउँदै माघको सुरुमै परेको भारी हिउँ जमेर पैदलमार्ग अवरुद्ध बनेपछि स्थानीयलाई दैनिक उपभोग्य सामग्रीसहित स्वास्थ्य उपचारका लागि अन्यत्र आवातजावत गर्न समेत ठप्प भएको छ।

पैदलमार्ग अवरुद्ध बनेपछि गम्भीर प्रकृतिका बिरामीलाई अस्पताल पुर्‍याउन हेलिकप्टर चार्टर गर्नुपर्ने अवस्था आएको स्थानीयको गुनासो छ। गुर्जामा वडा, गाउँपालिका, प्रदेश र संघीय सरकारले सञ्चालन गरेका योजना कार्यान्वयनमा हिमपातका कारण प्रभावित बनेका छन्।

हिमपातपछि स्थानीय जनकल्याण माविमा पठनपाठन समेत ठप्प बनेको वडाअध्यक्ष छन्त्यालले बताए। समुद्र सतहदेखि तीनहजार दुईसय मिटर उचाइमा रहेको दुर्गम क्षेत्र गुर्जा पुग्न दिनभर जंगल, भीर र खोल्सा पार गर्दै पैदलयात्रा गर्नुपर्ने स्थानीयको बाध्यता रहेको छ। हाल तीन फिट बाक्लो हिउँ जमिरहेको सो क्षेत्र सडकसञ्जालसँग जोडिएको छैन।

गत पुसयता लगातार भारी हिउँ परेपछि गुर्जाबासीको दैनिकि कष्टकर बनिरहेको छ भने स्थानीयहरु घरभित्रै आगो तापेर बस्नुपर्ने स्थिति छ। बाक्लो हिउँ जमेका कारण गोठमा बाँधिएका गाइबस्तु र भेडाबाख्रालाई सुकेको घाँस, परालको भरमा राख्नु परेको छ भने खोला, ताल, धारामा हिउँ जमेका कारण खुवाउने पानीको समेत समस्या सिर्जना भएको छ। हिमपातकै कारण गत महिना एक स्थानीयको पुरिएर मृत्यु समेत भएको थियो।

# अत्यधिक चिसो र शीतलहरका कारण जनजीवन प्रभावित



**काठमाडौं ।** पछिल्ला केही दिनदेखिको अत्याधिक चिसो र शीतलहरका कारण बारा जिल्लाका जनजीवन प्रभावित बनिरहेको छ। गएको महिनाको आधाआधीबाटै सुरु भएको शीतलहरका सबैभन्दा बढी बालबालिका, असहाय वृद्धवृद्धा, गरिबविपन्न र श्रमिकलाई दैनिकी चलाउन निकै कठिन भएको छ।

ज्याला, मजदूरी गरेर दैनिकी चलाउने बाहेक अन्य मानिसहरू चिसोका कारण घरबाट बाहिर निस्कँन नसक्दा हाटबजार, सरकारी कार्यालय, यतायातलगायत क्षेत्रमा समेत त्यसको प्रभाव परेको छ। नयाँ भेरियन्टसहितको कोरोना भाइरसका संक्रमित थपिन थालेसँगै आगामी माघ १५ सम्मका लागि जिल्लाका विद्यालयहरू समेत बन्द गरिएको छ।

अत्यधिक जाडो बढेपछि सर्वसधारणले ठाउँ-ठाउँमा आगो बालेर जाडो छल्ने प्रयास गरिरहेका छन्। जाडोका कारण जिल्लामा अहिलेसम्म कुनै मानवीय क्षति नभएको प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिए।

# ओमिक्रोन रोकथाम र नियन्त्रण गर्न सरकारका ३६ आदेश




काठमाडौं । कोभिडको पछिल्लो अवतार 'ओमिक्रोन भेरियन्ट' रोकथाम, नियन्त्रण र उपचार गर्न नेपाल सरकारले मन्त्रिपरिषदबाटै निर्णय गरेरै ३६ बुँदे आदेश जारी गरेको छ ।

नेपाल सरकारका मुख्य सचिव शंकरदास बैरागीको हस्ताक्षरसहित नेपाल सरकारका विभिन्न ८ मन्त्रालयका सचिवलाई 'बोधार्थ तथा कार्यार्थ' ३० पुसको मितिमा पठाइएको १३ पाने निर्देशनमा उल्लेखित छन् । 'कोभिड- १९ सम्बन्धी विषय म.प.बै.सं. ६१/०७८ मिति २०७८।९।३० को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ वमोजिम अनुरोध गरेको छु'- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई सम्बोधन गरिएको सो पत्रमा मुख्य सचिव बैरागीले लेखेका छन् ।

# निजी क्षेत्रका समस्या सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त

**काठमाडौं ।** अर्थमन्त्री जनार्दन शर्माले मन्त्रालयमै पुगेका निजी क्षेत्रका प्रनिधिहरूसँग छलफलका क्रममा नीतिगतरूपमा निजी क्षेत्रका समस्यालाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले निजी क्षेत्रको हित विपरीत कुनै निर्णय नलिइने बताएका अर्थमन्त्री शर्माले निजी क्षेत्रको सरोकारलाई सम्बोधन गर्न सरकार तयार रहेको जानकारी दिएका हुन् ।

अर्थतन्त्रलाई सही बाटोमा हिँडाउन केही विषयमा सरकारले अल्पकालीन नीति लिएको स्पष्ट पार्दै मन्त्री शर्माले अर्थतन्त्रले लय समातेपछि त्यस्ता विषयमा पुनर्विचार गरिने पनि बताए । मुलुकको समृद्धिका लागि नीतिगत र संरचनागत समस्या समाधान गरिने भन्दै उनले वर्तमान आर्थिक अवस्थाबारे भ्रम छरिएकातर्फ चिन्ता व्यक्त गरे । 'मुलुकको आर्थिक अवस्थाबारे चिन्ता गर्नुपर्ने अवस्था भए पनि अर्थतन्त्र समाप्त भयो भनेर नियोजित प्रचार गर्न खोजिएको छ', अर्थमन्त्री शर्माले थपे- 'अर्थतन्त्रलाई आतंक र भ्रमबाट मुक्त गरेर यथार्थमा जानुपर्छ ।'

लगानी प्रवर्द्धन गर्न सम्पत्तिको स्रोत नखोज्ने नीति लिइएको भए पनि उक्त विषयलाई अपव्याख्या गरिएको अर्थमन्त्री शर्माको भनाइ थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले उद्योग, व्यवसाय र व्यापार बिना मुलुक समृद्ध हुन नसक्ने भन्दै निजी क्षेत्रले निर्यातजन्य उद्योग स्थापनामा जोड दिइनु पर्ने बताए ।

अर्थमन्त्रीसँगको छलफलका क्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले मुलुकको अर्थतन्त्रलाई मजबुत बनाउन निजी क्षेत्रसँग छलफल गरेर मात्रै निर्णय लिइनुपर्ने, वैदेशिक रोजगारीलाई सरलीकृत बनाउँदै विप्रेषणलाई वैधानिक बाटोबाट भित्र्याउन सरकारले पहल गर्नुपर्ने बताए । निर्यातमा नगद अनुदानको व्यवस्थालाई सहजीकरण गर्नुपर्ने, वैदेशिक लगानीको न्यूनतम सीमा हटाउनुपर्ने, निर्माण व्यवसायीलाई दिइने पेस्की २० प्रतिशत पुऱ्याउनुपर्ने, पुनःकर्जाको व्यवस्था गर्नुपर्ने तथा उद्योगलाई विद्युत्को डिमाण्ड शुल्क घटाउनुपर्ने गोल्छाको राय थियो ।

सोही क्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले उद्योगी व्यवसायीको मनोबल उच्च बनाइराख्न सरकार परिवर्तन भए पनि निजी क्षेत्रसँगको सम्झौताको कार्यान्वयनमा अप्ठ्यारो पर्ने वातावरण बनाइन नहुने बताए ।

अर्थमन्त्री शर्मासँगको भेटघाटका क्रममा नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष कमलेश अग्रवाल, बैंक तथा वित्तीय संस्था परिसंघ नेपालका अध्यक्ष पवन गोल्यान, होटल संघ नेपाल (हान)का अध्यक्ष सिर्जना राणाले आ-आफ्ना क्षेत्रको समस्याबारे सरकारको ध्यानाकर्षण गराएका थिए ।

अर्थ मन्त्रालयका सहसचिव महेश आचार्यले मुलुकको वर्तमान आर्थिक अवस्थाका बारेमा जानकारी गराउँदै अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले अख्तियार गरेका नीति प्रष्ट पारेका थिए ।

# आदेश उल्लंघन गर्ने बटुवादेखि सुपरमार्केट सबैलाई कारबाही

**भक्तपुर ।** कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणका लागि जारी गरेको आदेशलाई उल्लंघन गर्ने जोकोहीलाई कारबाही गर्ने नीति बनाएको जिल्ला प्रशासन कार्यालय भक्तपुरले बटुवादेखि भाटभटेनी सुपरमार्केटसम्मलाई कारबाही गरेको छ । प्रशासनले यसअघि जारी गरेको २७ बुँदे आदेश उल्लंघन गर्ने एकसय ५२ जनासहित तीन व्यापारिक केन्द्रलाई कारबाही गरेको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिएका हुन् ।

प्रजिअ शर्माको नेतृत्त्वमा सुरक्षाकर्मीसहितको टोलीले भक्तपुर र काभ्रेको सीमानाका साँगा, सूर्यविनायक, सम्पदास्थल भक्तपुरको तौमढी, सार्वजनिक यातायातका साधन र मध्यपुरथिमिस्थित भाटभटेनी सुपर मार्केटलगायतको अनुगमन गरेको थियो । 'आज हामी आफैंले गरेको अनुगमनमा मास्क नलगाई हिँड्ने एकसय ५२ जनालाई एकसय रूपैयाँका दरले जरिवाना लगायौं, मास्क नलगाउने ६ सय एक जनालाई निःशुल्क मास्क वितरण गऱ्यौं', प्रजिअ शर्माले भने- 'सरकारको आदेश नमान्ने भाटभटेनी सुपर मार्केटलाई सचेतना स्वरूप एक पटकका लागि एकसय रूपैयाँ जरिवाना गऱ्यौं, फेरि त्यस्तै भेटिए थप कारबाही गर्छौं ।'

सोही क्रममा आदेशविपरीत २५ जनाभन्दा बढी व्यक्तिलार्य भित्र पठाउने सो सुपरमार्केटले भित्रबाट कति समयमा बाहिर निस्कने हो, समय निर्धारण नगरेको, सन्देशमूलक सूचना नबजाएको, आदेशको कार्यान्वयन नगरेको पाइएपछि कारबाही गरिएको प्रजिअ शर्माले जानकारी दिए ।

यसैबीच पाँचसय वटा सवारी साधनको अनुगमनका क्रममा सवारी साधनमा सिट क्षमताभन्दा बढी यात्रु राखेको, कतिपय यात्रुले मास्क नलगाएको, कतिपय चालक, सहचालकले लापर्वाही गरेको पाइएपछि गाडीमा मास्क र सेनिटाइजर राख्न निर्देशन दिएको जानकारी दिए ।

सार्वजनिक यातायातमा मास्क नलगाउने यात्रु भेटिए चालकलाई एक सयदेखि ६ सय रूपैयाँसम्म जरिवाना गराउने भन्दै मास्क अनिवार्य गर्न प्रजिअ शर्मा आफैं बसमा चढेर यात्रुलाई मास्क लगाउन र स्वास्थ्यप्रति सचेत रहन आग्रह गरे । कारबाहीका क्रममा १५ हजार दुईसय राजस्व संकलन भएको र ६ सय एकवटा मास्क निःशुल्क वितरण गरिएको पनि प्रजिअ शर्माले जानकारी दिए ।

यसैबीच शान्ति, सुरक्षा र मुद्दासम्बन्धी सेवाबाहेक अन्य सेवा बिहीबारदेखि बन्द गरिएको जिल्ला प्रशासन कार्यालयले भक्तपुरले जानकारी दिएको छ । कोभिड-१९ को नयाँ भेरियन्टसहितको ओमिक्रोन संक्रमण बढ्दै गएको अवस्थामा जिल्ला प्रशासन कार्यालयमा कार्यरत विभिन्न फाँटका कर्मचारी पनि कोभिड-१९ बाट संक्रमित भई उपचार र आइसोलेशनमा बस्नु परेकाले प्रशासनले यस्तो निर्णय जानकारी दिएको छ ।

अत्यावश्यक सेवा लिन चाहने सेवाग्राहीलाई अनिर्वाय रूपमा मास्क लगाएर, स्वास्थ्य मापदण्डको पूर्णरूपमा पालना गरी साथमा खोप कार्ड वा मोबाइलमा कार्डको फोटो लिएर आउन आग्रह गरेको छ । 'जिल्ला प्रशासन कार्यालयले सेवा प्रवाह गर्दै आएको शान्ति सुरक्षा, मुद्दासम्बन्धी सेवाबाहेक अन्य सेवा अहिलेलाई स्थगन गरेका छौं' प्रजिअ शर्माले थपे 'कर्मचारी तथा सेवाग्राहीको नियमित र प्रत्यक्ष सम्पर्क हुने नागरिकता, नागरिकता प्रतिलिपि, नाबालक परिचयपत्र, राष्ट्रिय परिचयपत्र र राहदानी फाँटका सेवा अर्को सूचना जारी नभएसम्म स्थगन गरेका छौं ।'


# कहाँ–कहाँ पाइन्छ बुस्टर डोज ?

**काठमाडौं ।** कोरोनाभाइरस महामारीको नयाँ भेरियन्ट 'ओमिक्रोन' को जोखिमलाई मध्यनजर गर्दै सोमबारदेखि काठमाडौंमा कोभिड-१९ विरुद्ध भ्याक्सिनको 'बुस्टर डोज' दिन थालिएको छ ।

कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अग्रपंक्तिमा खटिनेहरूलाई भन्दै बुस्टर डोज दिन थालिएको हो । बागमती प्रदेश स्वास्थ्य कार्यालय टेकुका अनुसार काठमाडौं उपत्यकाभित्रका १९ खोप केन्द्रबाट बुस्टर डोज भ्याक्सिन लगाउन पाइने व्यवस्था छ ।

बुस्टर मात्रा लगाउन दुवै मात्रा खोप लगाएको कम्तिमा ६ महिना पूरा भइसकेको हुनुपर्ने छ । बुस्टर भ्याक्सिन लगाउन जानेले अनिवार्य रूपमा यसअघिको खोप कार्ड लैजानु पर्ने सूचनामा जनाइएको छ ।

# मौसम परिवर्तनसँगै वर्षा र हिमपातको सम्भावना




**काठमाडौं ।** पछिल्लो पटक विकसित पश्चिमी वायुको प्रभावका कारण हिमाली तथा उच्चपहाडी क्षेत्रमा हल्का वर्षासहित हिमपातको सम्भावना बढेको छ । मौसम पूर्वानुमान महाशाखाले पश्चिमी मौसम प्रणालीको प्रभावले आउँदा तीन दिनसम्म देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भेगका थोरै स्थानमा हल्का वर्षा र उच्चपहाडी तथा हिमाली भेगमा हल्का हिमपातको सम्भावना रहेको बताएको हो ।

केही दिनदेखि काठमाडौंको आकाशमा बाक्लो तुवालो लागेकाले ज्यादा चिसो अनुभव गरिएको छ । बिहान छिटफुट वर्षा भइरहँदा महाशाखाले समेत वर्षा र हिमपातको सम्भावनाले चिसो थप बढ्नसक्नेतर्फ सचेत गराएको छ । हाल सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेशलगायत अन्य प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रहेको छ ।

पछिल्लो मौसमी प्रभावकै कारण बिहानदेखि पश्चिम र पूर्वी तराई भेगमा हुस्तु/कुहिरो लागेको छ भने दिउँसो देशभर आंशिकदेखि सामान्य बदली सामान्य बदली रहने पनि विभागले जानकारी दिएको छ । यसैबीच उच्चपहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ ।

सोही अवधिभर रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रहने तथा प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका एक दुई स्थानमा हल्का वर्षा र उच्चपहाडी तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको महाशाखाले बताएको छ ।

महाशाखाको पछिल्लो जानकारीअनुसार आज (शुक्रबार) देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र उच्चपहाडी तथा हिमाली भूभागका केही स्थानमा हिमपातको सम्भावना रहेको छ ।

# स्वरूप परिवर्तन गर्दै बारले आन्दोलनलाई निरन्तर दिने

**काठमाडौं ।** न्यायालयको विकृति, विसंगतिविरुद्ध आन्दोलनरत नेपाल बार एशोसिएशनले पछिल्लो समय नयाँ भेरियन्टसहितको कोरोना भाइरसका कारण स्वरूप परिवर्तन अर्थात 'भर्चुअल' माध्यमलाई प्रयोग गरी आन्दोलनलाई निरन्तरता दिने बताएको छ ।

बारका महासचिव लीलामणि पौडेलले प्रेस विज्ञप्ति जारी गर्दै कोरोना भाइरसको संक्रमणका कारण आन्दोलनको स्वरूप परिवर्तन गरिएको र माघ ६ देखि १८ सम्मका लागि आन्दोलनको भर्चुअल माध्यमबाट निरन्तरता दिने उल्लेख छ । बारले कोरोना संक्रमणबाट आम कानुन व्यवसायी, सेवाग्राही, अदालतका न्यायाधीश, कर्मचारीलाई बच्न र बचाउनका निम्ति हाललाई आन्दोलन, धर्नाका कार्यक्रमहरूको स्वरूप परिवर्तन गरी भर्चुअल रूपमा गर्न लागिएको जानकारी दिएको छ ।

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमित देखासँगै सरकारले आंशिक लकडाउनको घोषणा गरिसकेको अवस्थामा बारले भर्चुअल माध्यमबाट आन्दोलन गर्ने भएको हो ।

# बेपत्ता मनकुमारीको खोजीमा विशेष प्रहरीको टोली परिचालन

**सोलुखुम्बु ।** जिल्लास्थित माप्य दूधकोसी- ७ को सोलावनबाट हाकुला झर्ने क्रममा चार महिनाअघि बेपत्ता बनेकी एनएमबी लघुवित्त वित्तीय संस्था सोताङमा कार्यरत कर्मचारीको मनकुमारीको खोजीका लागि प्रहरीको विशेष टोली परिचालन भएको छ ।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले मंगलबारदेखि प्रदेश १ प्रहरी कार्यालयको विशेष बेपत्ता कर्मचारीको खोजीका लागि परिचालित भएको जानकारी दिएको छ । दुई विज्ञसहितको प्रहरी टोल घटनास्थल पुगेर अध्ययन गरिरहेको पनि प्रहरीले बताएको छ । जिल्लाकै सोताङ गाउँपालिका-१ हुलु स्थायी ठेगाना भएकी २५ वर्षीया मनकुमारी गएको असोज ८ गते दिउँसो ४ः२५ बजेदेखि बेपत्ता बनेकी थिइन् ।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रमुख एवं सहरी नायव उपरीक्षक कवित कटवालका अनुसार बेपत्ता मनकुमारीको खोजीकार्य थालिएको हो ।

लघुवित्तको मासिक बैठक सञ्चालनका माप्य दूधकोसी-७ को सोलावनबाट हाकुला झर्ने क्रममा सम्पर्कविहीन बनेको प्रहरीको अनुसन्धानबाट खुल्न आएको नायव उपरीक्षक कटवालले जानकारी दिए । सम्पर्कविहीन बनेको खबर पाउनासाथ प्रहरी र स्थानीयले खोजीकार्य जारी राखेको भए पनि अहिलेसम्म उनको अवस्था अज्ञात भएकाले विज्ञ टोली परिचालित गर्नुपरेको प्रहरी नायव उपरीक्षक कटवालको भनाइ छ । कटवालले अब सोही विशेष टोलीको रिपोर्टपछि सिआइबीको टोली परिचालित गरिने जानकारी दिए ।

प्रहरी नायव उपरीक्षक कटवालकाले असोज ८ गते दिउँसो ४ः२२ मा साथीलाई सन्देश पठाएको र ४ः२५ देखि मोबाइल अफ भएको तथ्य फेला परेको जानकारी दिए । प्रहरीले मासिक बैठक सञ्चालनका लागि माप्यदूधकोसी-६ र ७ वाकुमा दुई जना कर्मचारीसँगै गएको भए पनि सोलावनबाट हाकुला झर्ने क्रममा एक अर्का छुट्टिएपछिको अवस्था थाहा नभएको अनुसन्धानबाट खुलेको जानकारी दिएको छ ।

मनकुमारी सम्पर्कविहीन भएको थाहा पाउनासाथ स्थानीय, वाकु प्रहरी चौकी, इलाका प्रहरी कार्यालय सोताङबाट प्रहरी निरीक्षक नवन राईको टोली परिचलान भए पनि पत्ता लगाउन नसकेपछि असोज ११ गते जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रमुख प्रहरी नायव उपरीक्षक कवित कटवालको टोली समेत घटनास्थल पुगेको थियो ।

## प्रचण्डकै...

अस्पतालका सूचना अधिकारी गिरिनारायण महतोका अनुसार तीन जना चिकित्सक २२ जना नर्स, सातजना प्राविधिक र अन्य प्रशासनिक कर्मचारीमा संक्रमण देखिएको हो ।

संक्रमण देखिएसँगै केही सेवामा असहजता आए पनि सेवा रोक्नुपर्ने अवस्था भने अझैसम्म नरहेको उनको भनाइ थियो । चितवन मेडिकल कलेजमा कार्यरत ३० जनामा कोरोना संक्रमण पुष्टि भएको छ । अस्पतालका अप्रेसन म्यानेजर पारस अधिकारीका अनुसार १२ जना चिकित्सक, १४ जना नर्स र ४ जना अन्य कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

कोरोना संक्रमण पुष्टि भएका सबै होम आइसोलेशनमा रहेका छन् । कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज) मा १० जना चिकित्सक स्वास्थ्यकर्मीमा कोरोना संक्रमण देखिएको छ । अस्पतालका अनुसार ७ जना चिकित्सिक र तीन जना अन्य कर्मचारीमा कोरोना देखिएको हो ।

सङ्क्रमित चिकित्सव एवं स्वास्थ्यकर्मी होम आइसोलेशनमा रहेका छन् । चिकित्सक, स्वास्थ्यकर्मी संक्रमित भए पनि स्वास्थ्य अवस्था भने सामान्य देखिएको छ । अधिकांश होम आईसोलेसनमा रहेका छन् । यहाँका सरकारी तथा निजी अस्पतालमा चितवनसहित १९ जिल्लाका बिरामी उपचारका लागि आउने गर्दछन् ।

यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफू तत्काल लकडाउन गर्ने पक्षमा नभएको स्पष्ट पारेको छ । प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिको बैठकबीच मन्त्रालयका सचिव डा रोशन पोखरेलले मन्त्रालय लकडाउनको विरुद्धमा रहेको बताएका हुन् । देशमा बल्लतल्ल उकालो लागेको अर्थतन्त्र फेरि नबिग्रियोस् भन्नेमा मन्त्रालय प्रष्ट रहेको उनको भनाइ थियो । 'कतिपय क्षेत्र बन्द गर्नुपर्ने हो भने दुईतीन हप्ता बन्द गरेर पुनः सञ्चालन गर्न सकिन्छ' उनले भने । १८ वर्षमुनिका बालबालिकाका लागि खोप सञ्चालन गरिरहे पनि विद्यालय बन्द भएकाले व्यवस्थापन केही असहज भएको सचिव पोखरेलले बताए । केही समय पहिले शीतलहरका कारण तराईमा लगाउन नसकिएको खोप ल्याएर भक्तपुरमा लगाइएको जानकारी दिँदै उनले अहिले खोप केन्द्रमा भइरहेको भीड व्यवस्थापनमा अरु निकायले पनि ध्यान दिनुपर्नेमा उनको जोड थियो । 'खोप केन्द्रमा रहेका कर्मचारीले खोप लगाउने, दर्ता गर्नेलगायतका काममा लाग्ने भएकाले प्रशासन र स्थानीय तहले भीड व्यवस्थापनमा लाग्नुपर्छ ।'

स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री भवानीप्रसाद खापुङले तीन तहको सरकारको अभ्यासमा हामी छौं भन्दै कतिपय सन्दर्भमा प्रदेश र स्थानीय तहबीचमा तालमेल नमिलेर कामले तीव्रता पाउनमा समस्या देखिएको दावी गरे । कतिपय ठाउँमा पुग्दा तथ्यांक नमिल्ने फेला फेला परेको उनको भनाइ छ । 'हिजोको तुलनामा अहिले तथ्याङ्क नमिलेको हुनसक्छ' उनले भने समितिका सदस्य मानबहादुर विश्वकर्माले अहिले खोप लगाउने नागिरकमा कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनले स्वास्थ्य जटिलता कम देखिएकाले सरकारले छिटोभन्दा छिटो सबैलाई खोप लगाउनुपर्नेमा जोड दिए । समितिका सदस्य योगेश भट्टराईले दैनिक पाँच लाख खोप लगाउने भने पनि दैनिक डेढ लाखभन्दा बढीलाई खोप दिन नसिकएको औंल्याउँदै कभरेज बढाउनका लागि ठाउँठाउँमा घुम्ती सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

समितिका सदस्य हितबहादुर तामाङले खोप केन्द्र विस्तार र जनशक्ति बढाउन सरकार गम्भीर हुन नसकेको अरोप लगाए । भविष्यमा अरु भेरियन्ट पनि आउन सक्ने सम्भावना हुँदा सरकार तयारी अवस्थामा रहनुपर्नेमा तामाङको जोड थियो । अर्का सदस्य खगराज अधिकारीले एमबीबीएस पढिरहेका विद्यार्थीलाई पनि तालिम दिएर उपचारमा लगाउन सकिने बताउँदै बालबालिकालाई खोप लगाएर विद्यालयमा पठनपाठन नियमित गर्नुपर्ने धारणा व्यक्त गरे ।

समिति सदस्य जीवनराम श्रेष्ठले सीमाबाट प्रवेश गरेका नागरिकले सिधै गाउँमा जाँदा संक्रमण फैलिएको चर्चा गर्दै सरकारले विगतका अनुभवबाट सिकेर र हिजोका कमीकमजोरी हटाउन लाग्नुपर्नेमा जोड दिए ।

समितिका सदस्य चित्रलेखा यादवले सरकारले एक सातासम्म 'ओमिक्रोन सप्ताह' का रूपमा मनाएर यसबाट बच्न सक्ने उपायका बारेमा व्यापक जनचेतना जगाउनुपर्नेमा जोड दिइन् ।

कोभिड-१९ को विकसित रूप नयाँ भेरियन्टसहितको कोरोनाको संक्रमण दिन-दिनै बढ्दै गएको यो अवस्थामा बढी जोखिमपूर्ण क्षेत्रमा त्यतिसारो सावधानी अपनाएको भने देखिँदैन ।

नयाँ भेरियन्ट ओमिक्रोन संक्रमणलाई सर्वसाधारणहरूले सामान्य रूघाखोकीको रूपमा लिएकाले पनि मानिसहरू मास्क नलगाइ यत्रतत्र भीडभाडमै लापरबाहा घुलमिल गरिरहँदा व्यापक संक्रमण फैलँनसक्ने खतरा देखिएको छ । सरोकारवाल पक्षले उचित ध्यान नदिँदा सार्वजनिक यातायातमा समेत सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, मास्क अनिवार्य गर्ने र स्यानिटाइजरको व्यवस्थाजस्ता अत्यावश्यक निर्देशन समेत पालना हुन सकिरहेको भएको देखिँदैन ।

## समाजवाद...

अध्यक्ष कर्णजीत बुढाथोकीले जानकारी दिए ।

सम्मेलनमा राजनीतिक कार्यदिशा, समाजवादको चरण, रणनीति र कार्यनीति, संघर्षका स्वरूप, संगठनात्मक सिद्धान्त, पार्टी र सरकारको सम्बन्ध, शहीद, घाइते, अपाङ्ग एवं बेपत्ता योद्धा, पार्टी एकता ध्रुवीकरण, विज्ञान प्रविधि, जनश्रम, शिक्षा स्वास्थ्य, रोजगार, पर्यावरण, नेतृत्त्व र उत्तराधिकारी विकास, नेता कार्यकर्ताको जीवनशैली, पार्टी र सरकारमा जनताको नियन्त्रण र निगरानी, इतिहास, जनदिशा, समाजवादी संविधान, देशभक्त वामपन्थी र प्रगतिशील संयुक्त मोर्चा र सरकारलगायतका विषयमा छलफल गरिनेछ ।

प्राप्त मस्यौदालाई संश्लेषित गर्दै नेपाल कम्युनिस्ट आन्दोलनको साझा घोषणापत्र विशाल आमसभाका साथ सार्वजनिक गरिनेछ । सम्मेलनको नारा 'वैज्ञानिक समाजवाद स्थापनाका लागि ऐतिहासिक कम्युनिस्ट सम्मेलनको आवश्यकता' र 'क्रान्तिकारी कार्यदिशा, पार्टी, सत्ता र नेतृत्त्व निर्माणका लागि व्यापक जनसहभागिता' तय गरिएको छ ।

आगामी दुई वर्षभित्र गरिने सम्मेलनमा अन्तरक्रिया, बैठक, प्रशिक्षण, भेला, गोष्ठी, राजनीतिक सम्मेलन, सुझाव संकलन, डिजिटल सिग्नेचर क्याम्पियन, भ्रमण, भेटघाट कार्यक्रम, सांस्कृतिक कार्यक्रम, चियापन कार्यक्रम जस्ता विधि अपनाइने पनि पत्रकार सम्मेलनबीच जानकारी दिइयो ।

## युक्रेनमाथि आक्रमण गरे रूसका लागि विपद : बाइडेन

**काठमाडौं ।** विश्वभर दादागिरी चलाइरहेको अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार दुई देशबीच बढिरहेको तनावका बीच युक्रेनमाथि आक्रमण नगर्न रूसलाई चेतावनी दिएका छन् । रूसले युक्रेनमा आक्रमण गरेमा त्यसलाई जवाफदेही बनाइने भन्दै बाइडेनले त्यो आक्रमण रूसका लागि विनाशकारी हुने बताए ।

'हाम्रा साझेदार र सहयोगीहरू रूस र यसको अर्थतन्त्रमा गम्भीर क्षति पुऱ्याउन तयार छन्' अमेरिकी राष्ट्रपतिको भनाइ थियो ।

उनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई यस्तो आक्रमण हुँदा महत्त्वपूर्ण आर्थिक परिणाम भोग्नुपर्ने चेतावनी दिए । रूसले युक्रेनमा थप गतिविधि गरेमा मैले वाचा गरेको कडा प्रतिबन्ध लगाइने जुन कसैले कहिल्यै देखेको छैन, बाइडेनको थप चेतावनी दिए ।

तर त्यो रूसको गतिविधि र युक्रेनमा गर्ने आक्रमणको स्तरमा भर पर्ने बाइडेनको धम्की थियो- 'मैले पहिले नै युक्रेनीहरूलाई अमेरिकी डलर ६०० मिलियनभन्दा बढी मूल्यको परिष्कृत रक्षा उपकरणहरू पठाइसकेको छु । रूसीहरूका लागि यो महङ्गो पर्नेछ ।'

युक्रेनको सीमामा पुटिनले आफ्ना एक लाख सेनालाई जम्मा गरिसकेको अमेरिकाको बुझाइ छ । 'उनी के गर्न गइरहेका छन् भन्ने कुरामा म यत्ति निश्चित छैन । मेरो अनुमान छ कि उनी भित्र जान्छन् । उनले केही गर्नुपर्छ', बाइडेनले सोभियतपछिको संसारमा सान्दर्भिकता खोज्ने नेताको वर्णन गर्दै भने 'उनी चीन र पश्चिमबीचको संसारमा आफ्नो स्थान खोज्ने प्रयास गर्दैछन् ।'

राष्ट्रपति बाइडेनले आफ्नो कार्यकालको पहिलो वर्षको अवसरमा औपचारिक पत्रकार सम्मेलनमा यस्तो टिप्पणी गरेका हुन् ।

## बाक्लो तुवाँलो र कुहिरोका कारण आन्तरिक उडान प्रभावित




**काठमाडौं ।** पश्चिमी वायुको प्रभावले विकसित मौसमी प्रक्रियाका कारण मुलुकभरका हवाई सेवा प्रभावित बनेका छन् ।

प्रतिकूल मौसमका प्रभावले बिहानैदेखि देशभरको आकाशमा बाक्लो तुवालो र हुस्सु/कुइरो लागेकाले कतिपय विमानस्थलको उडान प्रभावित भएको हो ।

बाक्लो तुवालो र कुहिरोका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक उडान प्रभावित भए पनि अन्तरराष्ट्रिय उडान भने नियमित सञ्चालन भइरहेको छ ।

विमानस्थलका महाप्रबन्धक भोलाप्रसाद गुरागाईंका अनुसार विशेषगरी देशको पूर्वी तराई भेगका विमानस्थलमा उडान प्रभावित भएको छ । अहिले विराटनगर, जनकपुर र सिमरामा उडान हुनसकेको छैन । विमानस्थलको पछिल्लो विवरणमा नेपालगञ्ज, भैरहवा र पोखरा विमानस्थलमा उडान सुचारु भएको छ ।

प्रतिकूल मौसमले कतिपय विमानस्थल अझै खुल्न सकेका छैनन् । केही विमानस्थल ढिलोगरी खुलेकाले तीन घण्टासम्म उडान ढिलो भइरहेको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले जानकारी दिए ।

**विवाह गर्न नगरौं हतार, जरूरी छ शिक्षा र संस्कार ।**

**बीस वर्ष पुगेपछि मात्र विवाह गरौं र गराऔं,**

**उमेर नपुगी गरेको विवाह सामाजिक र कानुनी अपराध हो ।**

**त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**'पूर्खाको पौरख, पनौतीको गौरव : १२ वर्षे मकर मेला हामी सबैको वैभव'**

'घुम्न जाऔं पनौती यही माघैमा, भरौं मकर कमाऊँ पुण्य हाम्रो साथैमा'
स्तरीय, सुरक्षित बसाइमा होमस्टे, होटल, रिसोर्ट/यात्राका लागि सार्वजनिक बस सेवा, राजधानी काठमाडौंबाट मात्र ३२ कि.मी. दक्षिण-पूर्व पनौतीको पवित्र त्रिवेणी घाटमा १२ वर्षे मकर मेलामा सहभागी बनौं ।

**पनौती नगरपालिका**

मकर मेला मूल व्यवस्थापन समितिको सचिवालय

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं